मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
कलैया, बारा

फोन नं. ०५१-५२१८७९
वेबसाईट: https://parsa.akc.gov.np
ईमेल: agrisciencеparsa@gmail.com

## सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम अन्तर्गत स्यालो ट्यूववेल/ट्यूववेल जडानका लागि आवश्यक यन्त्र उपकरणहरुको शिलबन्दी दररेट सहित सुचिकृत हुने सम्बन्धि सुचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२।१२।०९)**

यस कृषि ज्ञान केन्द्र, बारा बाट चालू आ.ब. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग तथा अन्य कार्यक्रम अन्तर्गत स्यालो टयुववेल/मोटर जडान गर्ने कार्यक्रमका लागि भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,मधेश प्रदेश (मा. मन्त्रीस्तरीय) निर्णयानुसार लागु भएको भूमिगत सिचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा कार्यक्रम संचालन विधी, २०८२ बमोजिम योग्यता पुगेका ईच्छुक यन्त्र उपकरण उत्पादक, आपुर्तिकर्ता, वितरकहरुबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन अर्थात मिति २०८३।०१।०९ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा खामबन्दी दररेट पेश गर्न सूचित गरिन्छ।रीतपुर्वक समयभित्र प्राप्त शिल्वन्दि प्रस्ताव सोही दिन (२०८३।०१।०९) दिनको २:०० बजे आपुर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा शिलबन्दी प्रस्ताव खोलिनेछ। आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन। साथै यस कार्यालयबाट उपलब्ध हुने निर्दिष्ट फाराम कार्यालयको वेवसाईट https://bara.akc.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ।

**आवश्यक कागजात तथा शर्तहरु**

१. फर्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि,
२. फर्म नवीकरणको प्रमाणको प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिष्ट्रारको कार्यालयवाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने,
३. PAN/VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
४. पछिल्लो आ.ब. अर्थात आ.ब. २०८१।८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
५. कार्यालयले उपलब्ध गराएको निर्दिष्ट फाराम (पूर्णरुपमा भरिएको)
६. यस कार्यक्रमका लागि कुल लागत अनुमान रू २,००,००,०००/- (रू दुई करोड) को परिधि भित्र रहि आपुर्तिकर्ताले आपूर्ति गर्न सक्ने स्यालो ट्युववेल/ ट्युववेल जडानका यन्त्र उपकरणको परिमाणको कुल रकमको न्युन्तम ५ % बरावरको १३ महिना सम्म म्याद भएको सक्कल बैंक ग्यारेन्टी वा सो बरावरको रकम यस कार्यालयको कार्यालय कोड नं.

राजनारायण प्र. साह
निमित प्रमुख

CamScanner

३१२०१२१०१२ तथा रा. बा. बैंक, विरगंज (पर्सा) को धरौटी खाता नं. १२६०१००२०२०३०००० मा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ । साथै पछी बजेट थप भएको खण्डमा धरौटी रकम थप गर्न पाइने छ ।

७. आपुर्तिकर्ताले यन्त्र उपकरणहरुमा अनुदान कार्यक्रमका लागि सबै यन्त्र उपकरणहरुको वा आंशिक यन्त्र उपकरणहरुको शिलबन्दी प्रस्ताव पेश गर्न सक्नेछ। कार्यालयले प्रस्तावको शिर्षक अनुसार मूल्यांकन गर्ने छ ।

८. सुचिकृत भएको आपुर्तिकर्ताले प्रस्तावमा पेश गरेका यन्त्र उपकरणहरुलाई किसिम (Type), क्षमता (Capacity), मोडेल (Model), ब्राण्ड (Brand), र स्पेशिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुलाई समुहकृत गरी उक्त समुहमा परेको न्युनतम मूल्य (Lower Rate) लाई आधार मानी मूल्य तोकिनेछ। छनौट भएका अनुदानग्राहीहरुले आफूले रुचाएको स्यालो ट्युववेल/ ट्युववेल जडानका यन्त्र उपकरणहरु सुचिकृत भएका आपुर्तिकर्ताबाट सम्बन्धित यन्त्र उपकरणहरु खरिद गर्नेछन्।

९. यस कार्यालयको स्वीकृत कार्यक्रमहरुको विनियोजित रकमको अधिनमा रहि अनुदानग्राहीबाट माँग भएको स्यालो ट्युववेल/ ट्युववेल जडानका लागि यन्त्र उपकरणहरु आपुर्ति गर्नुपर्नेछ। यसरी आपुर्ति गर्दा अनुदानग्राहीबाट शत प्रतिशत रकम लिई सो यन्त्र उपकरणहरु उपलब्ध गराउनुपर्नेछ। अनुदान वापतको रकम अनुदानग्राहीको खातामा जम्मा हुने गरि यस कार्यालयबाट भुक्तानी हुनेछ।

१०. यस केन्द्रमा पेश हुन आएका शिलबन्दी प्रस्तावहरू आंशिक वा पुर्णरुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अन्तिम अधिकार यस केन्द्रमा निहित रहनेछ।

११. यस कार्यक्रमको लागि स्वीकृत बजेटको परिधि भित्र रहि आपुर्ती हुने यन्त्र उपकरणको परिमाण थपघट हुन सक्ने छ ।

१२. रित नपुगेको, सर्त राखी वा म्याद नाघी आएका प्रस्ताव उपर कुनै कार्यवाही गरिने छैन।

१३. यस सूचनामा उल्लेख भएका कुराहरु सोही बमोजिम र अन्य कुराहरू प्रचलित ऐन, कानुन, कार्यविधी बमोजिम हुनेछ।

१४. आपुर्तिकर्ताले आपुर्ति सम्बन्धी कुनै कसुर नगरेको तथा कालो सुचिमा नपरेको स्व-घोषणा पेश गर्नु पर्ने छ।

राजनारायण प्र. साह
निमित्त प्रमुख